आज मिति २०८२ जेठ १२ गते बिहिवारका दिन बिहान ११:०० बजे राइनास नगरपालिका वडा नं.१० को कार्यालयमा नगर प्रमुख श्री खड्ग बहादुर गुरुङज्यूको अध्यक्षतामा तपशिल बमोजिमका नगर कार्यपालिकाका सदस्य एवं पदाधिकारीहरुको उपस्थिति र सहभागितामा स्थानीय सरकार सन्चालन ऐन, २०७४ को दफा १६ को खण्ड (क) को प्रकरण नं. (१) र (३) बमोजिम राइनास नगर कार्यपालिकाको ७३ औं नियमित बैठक बसी बिस्तृत छलफल गरी निम्नानुसार निर्णय समेत भयो।

उपस्थिति :

| दस्तखत | नाम थर | पद |
|---|---|---|
| | नगर प्रमुख श्री खड्ग बहादुर गुरुङ | अध्यक्ष |
| | श्री नगर उप प्रमुख श्री पुष्पराज खनाल | सदस्य |
| | वडा अध्यक्ष वडा नं.१ श्री विष्णु प्रसाद पौडेल | सदस्य |
| | वडा अध्यक्ष वडा नं.२ श्री लक्ष्मण शाही | सदस्य |
| | वडा अध्यक्ष वडा नं.३ श्री देउ बहादुर पौडेल | सदस्य |
| | वडा अध्यक्ष वडा नं.४ श्री बलराम पराजुली | सदस्य |
| | वडा अध्यक्ष वडा नं.५ श्री शङ्ख बहादुर सार्की | सदस्य |
| | वडा अध्यक्ष वडा नं.६ श्री गोविन्द चिलुवाल | सदस्य |
| | वडा अध्यक्ष वडा नं.७ श्री मोहनलाल श्रेष्ठ | सदस्य |
| | वडा अध्यक्ष वडा नं.८ श्री कृष्ण बहादुर रानाभाट | सदस्य |
| | वडा अध्यक्ष वडा नं.९ श्री लुविन्द्र गुरुङ | सदस्य |
| | वडा अध्यक्ष वडा नं.१० श्री लक्ष्मण गुरुङ | सदस्य |
| | कार्यपालिका सदस्य श्री नानुमाया लामा | सदस्य |
| | कार्यपालिका सदस्य श्री सोचना लौडारी | सदस्य |
| | कार्यपालिका सदस्य श्री कल्पना सुनार | सदस्य |
| | कार्यपालिका सदस्य श्री दिलमाया गुरुङ | सदस्य |
| | कार्यपालिका सदस्य श्री चन्द्रावती पन्थी | सदस्य |
| | कार्यपालिका सदस्य श्री सुक बहादुर वि.क. | सदस्य |
| | कार्यपालिका सदस्य श्री विन्दु वि.क. | सदस्य |
| | श्री कार्यपालिका सदस्य श्री विमला कुमाल | सदस्य |
| | प्रमुख प्रशासकीय अधिकृत श्री धनेश्वर पौडेल | सदस्य-सचिव |

आमन्त्रित अन्य उपस्थिति :

| | | |
|---|---|---|
| | व.प्र.अ. श्री तुल बहादुर वि.क. | प्रशासन शाखा |
| | ए. पृ. अ. सिर्जन देवकोटा | |
| | वै. पृ. स. पुतपा लम्साल | |
| | व. ले. सहायक श्री कैलाश पन्त | |
| | | |

# मिति २०८२/०२/१३ गतेको ७३ औं नगरकार्यपालिका बैठकका निर्णयहरु:

**निर्णय नं. १**

यसअघि गरिएको कार्यपालिका बैठकको निर्णय कार्यान्वयन तथा समसामयिक विषयमा छलफल गरियो ।

**निर्णय नं. २**

नगरपालिकाको आगामी आर्थिक वर्ष ०८२/८३ को बजेट तथा कार्यक्रमको विषयमा छलफल गरियो । उक्त विषयमा २०८२ जेठ १८ गते देखि विषयगत समितिको बैठक राखी २५ गतेभित्र सम्पन्न गर्ने र विगतका नीति तथा कार्यक्रमको कार्यान्वयन अवस्थालाई समेत मध्यनजर गरी आगामी वर्षको बजेट र कार्यक्रम तयार गर्ने ।

**निर्णय नं.३ :**

राइनास नगरपालिकामा लागू भएको जलवायु नमूना कार्यक्रमलाई थप व्यवस्थित बनाउनको लागि पेश भएको स्थानीय अनुकूलन कार्ययोजना २०८१/८२-२०८६/०८७ गत बैठकमा पेश भएकोमा पारित गर्ने ।

**निर्णय नं.४:**

मालपोत कार्यालय, लमजुङबाट २०८२ जेठ २० गतेभित्र नगरक्षेत्रको जग्गाको न्यूनतम मूल्यांकन पठाउने सम्बन्धी पत्रानुसार अध्ययन गरी सिफारिस गर्न मिति २०८२ जेठ १९ गते राजस्व परामर्श समितिको बैठकमा छलफल पश्चात सिफारिस गरी पठाउने ।

**निर्णय नं.५:**

भुउपयोग ऐन, २०७६ तथा नियमावली, २०७७ बमोजिम यस नगरपालिका क्षेत्रको जग्गा वर्गीकरणको लागि नगरपालिकाबाट स्वीकृत मापदण्ड अनुसार परामर्शदाताबाट प्राप्त भएको प्रतिवेदन अध्ययनको लागि सबै वडामा पठाउने र सूचना प्रकाशन गर्ने ।

**निर्णय नं.६ :**

राइनास नगरपालिका क्षेत्रको पक्की सडकमा क्षति भएको नाला खोल्ने र खाल्डाखुल्डी पुर्ने कार्यको लागि लागत अनुमान प्राप्त भएपछि बजेट व्यवस्था गरी मर्मत गर्ने ।

**निर्णय नं.७:**

नगरपालिकाको नवनिर्मित प्रशासकीय भवनको उपयुक्त समय मिलाई नगर प्रमुखबाट उदघाटन गर्ने व्यवस्था मिलाउने।

**निर्णय नं.८ :**

बैठकमा पेश भएको राइनास नगरपालिकाको लैंगिक हिंसा निवारण आचारसंहिता, २०८२ स्वीकृत गर्ने ।

**निर्णय नं.९**

नेपाल रेडक्रस सोसाईटी चक्रतीर्थ उपशाखा को चलानी नं.१२/२०८२ मिति २०८२/०२/०७ को पत्रानुसार राइनास नगरपालिका वडा नं.४ निवासी श्री तेजमाया कट्टेलले: ०-८-३-३ क्षेत्रफल भएको जग्गा संस्थालाई निशुल्क उपलब्ध गराएको हुंदा रेडक्रसको नाममा रजिष्ट्रेशन पास गर्दा निशुल्क रुपमा पास गर्ने व्यवस्थाका लागि मालपोत कार्यालय, लमजुङमा सिफारिस गरिदिन अनुरोध भई आएकोले निशुल्क रुपमा पास गरिदिन सिफारिस गर्ने ।

**निर्णय नं.१०**

धनेश्वर पौडेल
प्रमुख प्रशासकीय अधिकृत

नगरपालिकामा आर्थिक सहायताका लागि प्राप्त निवेदनहरु उपर छलफल गर्दा देहायअनुसार सहायता प्रदान गर्ने।

| क्र.सं. | निवेदक | विषय | सहायता रकम रु. | शिर्षक |
|---|---|---|---|---|
| १ | रमेश थापा राइनास नगरपालिका | औषधी उपचार सहायता | २५०००।०० | आर्थिक सहायता |
| २ | निराजन कुमाल रा.न.पा.५ | हावाहुरीले घरमा क्षति पुर्याएकोले आर्थिक सहायता उपलब्ध गराउने | ८०००।०० | विपद व्यवस्थापन |
| ३ | गम्बे गुरुङ रा.न.पा.वडा नं.१ | चटयाङको कारण मिटरबक्समा क्षति भएको र गोरु मरेकोले सहायता उपलब्ध गराइदिने सम्बन्धी | १००००।०० | विपद व्यवस्थापन |
| ४ | विरेन्द्र अछामी | शोध कार्यका लागि सहायता | २५०००।०० | आर्थिक सहायता |
| ५ | सुवास नेपाली | गोठ र भान्साकोठमा अगलागी भई क्षति भएको | १२०००।०० | विपद व्यवस्थापन |

धनेश्वर पौडेल
प्रमुख प्रशासकीय अधिकृत

आज मिति २०८२ जेठ २५ गते बिहिबारका दिन बिहान ११:०० बजे राइनास नगरकार्यपालिकाको कार्यालयको हलमा नगर प्रमुख श्री खड्ग बहादुर गुरुङज्यूको अध्यक्षतामा तपशिल बमोजिमका नगर कार्यपालिकाका सदस्य एवं पदाधिकारीहरुको उपस्थिति र सहभागितामा स्थानीय सरकार सन्चालन ऐन, २०७४ को दफा १६ को खण्ड (क) को प्रकरण नं. (१) र (३) बमोजिम राइनास नगर कार्यपालिकाको ७४ औं नियमित बैठक बसी बिस्तृत छलफल गरी निम्नानुसार निर्णय समेत भयो।

उपस्थिति :

| दस्तखत | नाम थर | पद |
|---|---|---|
| | नगर प्रमुख श्री खड्ग बहादुर गुरुङ | अध्यक्ष |
| | श्री नगर उप प्रमुख श्री पुष्पराज खनाल | सदस्य |
| | वडा अध्यक्ष वडा नं.१ श्री विष्णु प्रसाद पौडेल | सदस्य |
| | वडा अध्यक्ष वडा नं.२ श्री लक्ष्मण शाही | सदस्य |
| | वडा अध्यक्ष वडा नं.३ श्री देउ बहादुर पौडेल | सदस्य |
| | वडा अध्यक्ष वडा नं.४ श्री बलराम पराजुली | सदस्य |
| | वडा अध्यक्ष वडा नं.५ श्री शङ्ख बहादुर सार्की | सदस्य |
| | वडा अध्यक्ष वडा नं.६ श्री गोविन्द चिलुवाल | सदस्य |
| | वडा अध्यक्ष वडा नं.७ श्री मोहनलाल श्रेष्ठ | सदस्य |
| | वडा अध्यक्ष वडा नं.८ श्री कृष्ण बहादुर रानाभाट | सदस्य |
| | वडा अध्यक्ष वडा नं.९ श्री लुविन्द्र गुरुङ | सदस्य |
| | वडा अध्यक्ष वडा नं.१० श्री लक्ष्मण गुरुङ | सदस्य |
| | कार्यपालिका सदस्य श्री नानुमाया लामा | सदस्य |
| | कार्यपालिका सदस्य श्री सोचना लौडारी | सदस्य |
| | कार्यपालिका सदस्य श्री कल्पना सुनार | सदस्य |
| | कार्यपालिका सदस्य श्री दिलमाया गुरुङ | सदस्य |
| | कार्यपालिका सदस्य श्री चन्द्रावती पन्थी | सदस्य |
| | कार्यपालिका सदस्य श्री सुक बहादुर वि.क. | सदस्य |
| | कार्यपालिका सदस्य श्री विन्दु वि.क. | सदस्य |
| | श्री कार्यपालिका सदस्य श्री विमला कुमाल | सदस्य |
| | प्रमुख प्रशासकीय अधिकृत श्री धनेश्वर पौडेल | सदस्य-सचिव |

आमन्त्रित अन्य उपस्थिति :

| | | |
|---|---|---|
| | ब.प्र.अ. श्री तुल बहादुर बि.क. | प्रशासन शाखा |
| | इ. नितेश रिसाल | पूर्वाधार वि. शाखा |
| | श्याम बहादुर पराजुली ले. अ. | लेखा शाखा |
| | व. के. सहायक श्री कैलाश बस्ती | ,, |
| | क. प्र. ,, श्री पुष्पा लम्साल वार्ती | प्रशासन |

## मिति २०८२/०२/२५ गतेको ७४ औं नगरकार्यपालिका बैठकका निर्णयहरुः

**बैठकमा पेश भएका प्रस्तावहरु**

१. गत बैठकको निर्णय कार्यान्वयनको समीक्षा सम्बन्धमा।

२. जिल्ला समन्बय समिति लमजुङबाट नगरपालिकाको भवन निर्माणको लागि विनियोजित रकम निकासाको लागि अनुरोध गर्ने सम्बन्धमा।

३. टिमुरे बोराङखोला सडकको म्याद थप गर्ने सम्बन्धमा (समपुरक योजना)

४. सडक वोर्डको साझेदारी रकमबाट मर्मत भईरहेको सडकको म्याद थप सम्बन्धमा ।

५. मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रम अन्तरगतको रकमबाट आंशिक कार्य गर्ने सम्बन्धमा ।

६. कन्टिन्जेन्सी रकम खर्च गर्ने कार्यविध, २०८२ पेश गर्ने सम्बन्धमा ।

७. नगरपालिकाको संगठन तथा व्यवस्थापन परीक्षण प्रतिवेदन स्वीकृति सम्बन्धमा ।

८. नगरपालिकाको चालु आर्थिक वर्षको योजनाहरुको भुक्तानीका लागि कागजात पेश गर्ने समयसीमा सम्बन्धमा ।

९. नगरपालिकाको प्रशासकीय भवन उदघाटन समारोह तयारी समिति गठन सम्बन्धमा ।

१०. अत्यावश्यक सडक मर्मत सम्भार विपद शिर्षकबाट गराउने ।

११. नगरपालिकाको सभाहल प्रयोगलाई व्यवस्थित गर्ने सम्बन्धमा ।

१२. विविध सम्बन्धमा

**निर्णय नं. १**

यसअघि गरिएको कार्यपालिका बैठकको निर्णय कार्यान्वयन सम्बन्धमा समीक्षा गरियो । निर्णय अनुसार विषयगत समितिको बैठक सबै नसकिएकोले जेठ ३० गतेभित्र सम्पन्न गरी समीक्षा सहित आगामी वर्षको नीति तथा कार्यक्रमको तयारी गर्ने, राइनास नगरक्षेत्रको जग्गाको न्यूनतम मूल्यांकन पठाउने समयअवधि सकिन लागेकोले मालपोत कार्यालय लमजुङका कार्यालय प्रमुख र प्रमुख जिल्ला अधिकारी बीच छलफल गरी टुंगोमा पुर्‍याउने तथा जग्गा बर्गीकरणको लागि प्राप्त प्रतिवेदन अध्ययन र सूचनाको म्याद एक हप्ता थप गर्ने ।

**निर्णय नं. २**

जिल्ला समन्वय समिति लमजुङबाट राइनास नगरपालिकाको प्रशासकीय भवनको लागि विनियोजन भएको रकम निकासाको लागि सिफारिस गरी पठाउने ।

**निर्णय नं.३ :**

राइनास नगरपालिकाको चालु आर्थिक वर्ष ०८१/८२ को गण्डकी प्रदेश सरकारको समपुरक अनुदानतर्फ स्वीकृत वार्षिक कार्यक्रम अनुसार टिमुरे बोराङखोला सडकको ठेक्का सम्झौता गरी कार्य अगाडि बढाईएकोमा सम्झौता अनुसार तोकिएको समयमा कार्य सम्मपन्न गर्न नसकिने भएकोले म्याद थपको लागि निर्माण कम्पनीले दिएको निवेदन सम्बन्धमा छलफल गरी स्थलगत अनुगमन गरी तोकिएकै समयमा काम सम्पन्न गराउने र म्याद थप गर्नै पर्ने भएमा आगामी कार्यपालिकाको बैठकमा पेश गर्ने ।

**निर्णय नं.४:**

धनेश्वर पौडेल
प्रमुख प्रशासकीय अधिकृत

राइनास नगरपालिकाको चालु आर्थिक वर्ष ०८१/८२ को सडक बोर्डबाट स्वीकृत कार्यक्रम अनुसार हर्राबोट मोहोरियाकोट हुँदै राइनासकोट जोड्ने सडक ठेक्का सम्झौता गरी कार्य अगाडि बढाईएकोमा सम्झौता अनुसार तोकिएको समयमा कार्य सम्पन्न गर्न नसकिने भएकोले म्याद थपको लागि निर्माण कम्पनीले दिएको निवेदन सम्बन्धमा छलफल गरी स्थलगत अनुगमन गरी तोकिएकै समयमा काम सम्पन्न गराउने र म्याद थप गर्नै पर्ने भएमा आगामी कार्यपालिकाको बैठकमा पेश गर्ने ।

निर्णय नं.५:
मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रम कार्यान्वयन सम्बन्धमा सामान खरिदको लागि बोलपत्र प्रकाशन गर्दा बोलपत्र पेश नभएको र पुन बोलपत्र प्रकाशन गर्दा सम्झौता अवधिभित्र काम गर्न नसकिने भएकोले स्वीकृत कार्यक्रम अन्तरगतका नगरपालिकाको स्रोतबाट खर्च हुने गरी कोदो झाट्ने मेशिन र भण्डारण बिन खरिद गर्ने निर्णय गरियो ।

निर्णय नं.६ :
राइनास नगरपालिकाको कन्टन्जेन्सी रकम खर्च गर्ने कार्यविधि, २०८२ माथि छलफल गरी स्वीकृत गरियो ।

निर्णय नं.७:
नगरपालिकाको चालु आर्थिक वर्षको स्वीकृत बजेट तथा कार्यक्रम अनुसारको रकम भुक्तानी गर्ने सम्बन्धमा वर्षको अन्त्यमा कार्यको अत्यधिक चाप हुने र सुत्रमा समस्या हुने भएकोले आयोजना तथा कार्यक्रमको रकम भुक्तानीको लागि कागजात पेश गर्ने समय मिति २०८२ असार १५ गतेसम्म तोकी कागजात पेश गर्न सूचना गर्ने।

निर्णय नं.८ :
नगरपालिकाको प्रशासकीय भवन उदघाटन गर्ने कार्यलाई व्यवस्थित गर्न देहायवमोजिमको भवन उदघाटन तयारी समिति गठन गर्ने ।
देहाय :
नगर उपप्रमुख श्री पुष्पराज खनाल – संयोजक
प्रमुख प्रशासकीय अधिकृत श्री धनेश्वर पौडेल – सदस्य
उप सचिव श्री पूर्ण बहादुर नेपाली – सदस्य
वडा अध्यक्ष वडा नं.३ श्री देउ बहादुर पौडेल – सदस्य
वडा अध्यक्ष वडा नं.५ श्री शंख बहादुर सार्की – सदस्य
कार्यपालिका सदस्य श्री कल्पना सुनार – सदस्य
वरिष्ठ प्रशासकीय अधिकृत श्री तुल बहादुर बि.क.सदस्य

निर्णय नं.९
नगरपालिका क्षेत्रभित्र भत्केका सडक र जोखिम क्षेत्रमा प्राविधिक लागत अनुमानको आधारमा प्राविधिक कर्मचारी जनप्रतिनिधि सहित कामदार र सामाग्री व्यवस्था गरी खाल्डाखुल्डी भएको ठांउमा पुर्ने र वर्षातको कारण बिग्रे भत्केका सडकको मर्मत गरी कार्य गराउने, विपद व्यवस्थापन शिर्षकमा विनियोजत बजेटबाट रकम भुक्तानी गर्ने र रकम नपुग भएमा आगामी वर्षको बजेटबाट भुक्तानीको व्यवस्था मिलाउने तथा सिम्लेको सडक खेउमा पहिरो जोखिम क्षेत्रमा नगरपालिकाले खरिद गरेको जाली र प्रहरी कार्यालयमा जफत गरिएको ढुंगा प्रयोग गरी कामदार लगाई कार्य गराउने ।

धनेश्वर पौडेल
प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं.१०

राइनास नगरपालिका वडा नं.६ को बतासे र स्याउली लाई ग्रामीण क्षेत्रमा वर्गीकरण गरिएको व्यहोरा समावेश गरी भूमि आयोगमा पठाउने ।

निर्णय नं. ११

राइनास नगरपालिका वडा नं.६ धमिलिकुवा क्षेत्रको घर टहरा हटाउने सम्वन्धमा जिल्ला अदालत लमजुङमा राइनास नगरपालिका, नगर प्रमुख खडग बहादुर गुरुङ र प्रमुख प्रशासकीय अधिकृत धनेश्वर पौडेललाई विपक्षी बनाई दायर गरेको मुद्धको पेशी २०८२ जेठ २८ गतेको लागि तोकिएको र हालसम्म उक्त मुद्धामा काम गरिरहेका न्यायिक सहजकर्ता विरामी भई जान नसक्ने भएकोले उक्त मुद्धामा प्रतिरक्षा गर्नको लागि प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवारी दिई प्रमुख प्रशासकीय अधिकृतले अधिवक्ता मार्फत प्रतिरक्षाको कार्य गराउने ।

निर्णय नं.१२ विविध :

क. राइनास नगरपालिका वडा नं.१० को च.नं.६८० मिति २०८२/०२/२३ को सिफारिस अनुसार सामाग्री खरिदका लागि पेश गरे बमोजिमका सामाग्रीहरु खरिद गर्न दिने र १० नं. वडा कार्यालयको शिर्षक नं.२२३११ वडा कार्यालय प्रशासनिक सुशासन क्षमता वकास मसलन्द तथा विविध खर्च र खर्च शिर्षक नं.२७२११ बालवालिका तथा छात्रवृत्ति शिर्षकमा विनियोजन भएको रकमबाट भुक्तानी दिने ।

ख. राइनास नगरपालिका वडा नं.६ को च.नं.९६५ मिति २९८२/०२/१२ को सिफारिस अनुसार कांडेपानी खेतमा क्षति भएको सिंचाई कुलो संचालनको लागि बुद्धि राज पाण्डेलाई लागि ६३ एम एम को ५० मिटर पाईप उपलब्ध गराउने ।

ग. राइनास नगरपालिका वडा नं.९ को सिफारिस अनुसार वडा कार्यालय/ प्रशासनिक/ सुशासन क्षमता विकास मसलन्द तथा विविध खर्च शिर्षकको रु.१,५०,०००।०० बाट रु.८००००।०० को ल्यापटप खरिद, रु.२०,०००।०० प्लाष्टीकको कुर्ची खरिद र रु.५०,०००।०० को सिंचाईका लागि पाइप खरिद गरी ५० प्रतिशत अनुदानमा वितरण गर्न पेश गरेबमोजिमको कार्य गर्न अनुमति दिने ।

घ. नगरपालिकामा आर्थिक सहायताका लागि प्राप्त निवेदनहरु उपर छलफल गर्दा देहायअनुसार सहायता प्रदान गर्ने।

| क.सं. | निवेदक | विषय | सहायता रकम रु. | शिर्षक |
|---|---|---|---|---|
| १ | सहनसिला रानाभाट | औषधी उपचार सहायता | २५०००।०० | आर्थिक सहायता |

ङ. यस राइनास नगरपालिका अन्तरगतका सडकहरु वर्षाको समयमा बाढी तथा पहिरो लगायतबाट संरक्षण तथा मर्मत संभार गरी नियमित संचालन गर्न आवश्यक रहेकोले वडा नं.३,४ र ५ मा १/१ जना तथा बांकी रहेका वडाहरु १,२,६,७,८,९ र १० मा २/२/ जना सडक हेरालुको व्यवस्था गर्ने र उनीहरुको लागि वेरोजगार सूचीका व्यक्तिहरुलाई प्रतिदिनका लागि तोकिएको पारिश्रमिक बराबर हुने गरी आगामी आर्थिक वर्ष ०८२/८३ को बजेटमा समावेश गरी पारिश्रमिक भुक्तानीको व्यवस्था मिलाउने ।

धनेश्वर पौडेल
प्रमुख प्रशासकीय अधिकृत

च. नगरपालिकाको प्रशासकीय भवनबाट कार्यालय संचालन भएकोमा सभाहल र भवनका अन्य कोठाहरुमा एसी जोड्न आवश्यक रहेको तर बजेट विनियोजन नभएकोले नगरपालिकाबाट कन्टीन्जेन्सी कट्टी गरिएको रकमबाट भुक्तानी हुने गरी नगरपालिकाको आवश्यक स्थानहरुमा एसी जडान गर्ने ।

धनेश्वर पौडेल
प्रमुख प्रशासकीय अधिकृत

## प्रस्तावना

कन्टिन्जेन्सी रकम खर्च गर्ने प्रक्रियालाई व्यवस्थित,पारदर्शी,मितव्ययी र एकरुपता बनाउन बाञ्छनीय भएकोले सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० को उपनियम ७ अन्तर्गत अनुसूची-१ को द्रष्टव्यः (ग) तथा नियम १२ को उपनियम ४ अन्तर्गत अनुसूची १ (क) को द्रष्टव्यः (ङ) ले दिएको अधिकार प्रयोग गरी राइनास नगरपालिकाले यो कार्यविधि बनाई लागु गरेको छ।

**१.संक्षिप्त नाम र प्रारम्भ:** (१) यस कार्यविधिको नाम कन्टिन्जेन्सी रकम खर्च गर्ने कार्यविधि,२०८२ रहेको छ।

२) यो कार्यविधि कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ।

**२.परिभाषा:** बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

क. " ऐन" भन्नाले सार्वजनिक खरिद ऐन,२०६३ सम्झनुपर्दछ।

ख. " नियमावली" भन्नाले सार्वजनिक खरिद नियमावली,२०६४ सम्झनुपर्दछ।

ग. " कार्यालय" भन्नाले राइनास नगरकार्यपालिकाको कार्यालय सम्झनुपर्दछ।

घ. " आयोजना" भन्नाले राइनास नगरपालिकाबाट कार्यान्वयन हुने समानिकरण,ससर्त, विशेष,समपुरक वा आन्तरिक स्रोतमध्ये जुनसुकै स्रोतबाट संचालित आयोनालाई सम्झनुपर्दछ।

ङ " प्रमुख प्रशासकीय अधिकृत" भन्नाले नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ।

च. " कन्टिन्जेन्सी रकम" भन्नाले सार्वजनिक खरिद नियमावली२०६३ को नियम १०(७), १२(४) र राइनास नगरपालिकाको सार्वजनिक खरिद नियमावली, २०७७ को नियम ११(७), १३ (४) बमोजिम कट्टा गरेको रकम सम्झनुपर्छ।

**३. कन्टिन्जेन्सी रकम छुट्याउने विधि**

१) बहुवर्षिय योजनाहरुको निर्माण कार्यका हकमा खरिद ऐन र नियमावलीले तोकेबमोजिम वा राइनास नगरपालिकाको सार्वजनिक खरिद नियमावली, २०७७ को नियम ११ (७) बमोजिम मुल्य समायोजनका लागि १० देखि १५ प्रतिशत र फिजिकल कन्टिन्जेन्सी बापत १० देखि १५ प्रतिशतसम्म र दवै गरेर २० प्रतिशतमा नवढ्ने गरी कन्टिन्जेन्सी रकम थप गरी लागत अनुमान कायम गर्नुपर्नेछ।

२) बहुवर्षिय योजनाहरुको परामर्श सेवाको हकमा राइनास नगरपालिकाको सार्वजनिक खरिद नियमावली, २०७७ को नियम १३ (४) बमोजिम लागत अनुमानमा मुल्य समायोजन कन्टिन्जेन्सी बापत १० प्रतिशतले र फिजिकल कन्टिन्जेन्सी बापत १० प्रतिशतसम्म रकम थप गरी लागत अनुमान कायम गर्नुपर्नेछ।

३) यस कार्यविधिमा उल्लेख भए बाहेक अन्य प्रचलित कानूनमा कन्टिन्जेन्सी रकम खर्च सम्बन्धी व्यवस्था भएकोमा सोही कानून बमोजिम गर्नुपर्नेछ।

४) बहुवर्षिय योजना बाहेकका निर्माण कार्यसँग सम्बन्धित योजना र परामर्श सेवाको फिजिकल कन्टिन्जेन्सीका लागि बढिमा ३ प्रतिशतसम्म रकम कन्टिन्जेन्सीका लागि थप गरी लागतअनुमान गर्न सकिनेछ।

५) कन्टिन्जेन्सी रकम कट्टा गर्दा सबै योजनाहरुको एकमुष्ठ रुपमा वा योजना पिच्छे छुट्टा छुट्टै जुनसुकै विधिबाट कट्टा गर्न सकिनेछ।

घनश्वर पौडेल
प्रमुख प्रशासकीय अधिकृत

६) फिजिकल कन्टिन्जेन्सी बापत राखिएको रकमबाट योजनासँग सम्बन्धित फिजिकल कन्टिन्जेन्सी काममा खर्च गर्न सकिनेछ ।
७) योजना वा परामर्श सम्बन्धी कार्य सन्चालन भएमा मात्र कन्टिन्जेन्सी रकम खर्च गर्न सकिनेछ ।
८) कन्टिन्जेन्सी बापत गरिएको खर्चको छुट्टै विवरण राख्नुपर्नेछ ।

**४. कन्टिन्जेन्सी रकम खर्च गर्ने क्षेत्रहरु देहाय बमोजिम हुनेछः**

१) मुल्य समायोजनका लागि राखिएको रकम मुल्य समायोजनका लागि खर्च गर्नुपर्नेछ ।
२) बहुबर्षिय योजनाकोफिजिकल कन्टिन्जेन्सीमा राखिएको रकम मध्ये बढिमा ३ प्रतिशत रकम उपनियम (४) बमोजिमका क्षेत्रमा कार्यालयले खर्च गर्न सक्नेछ । अन्य रकम खर्च गर्नुपर्ने अवस्था आएमा फिजिकल कार्यमा नै खर्च गर्नुपर्नेछ ।
३) बहुबर्षिय बाहेकका अन्य योजनाहरुको हकमा बढिमा ३ प्रतिशतसम्म रकम कन्टिन्जेन्सी बापत कट्टा गरी उपनियम (५) बमोजिमका क्षेत्रमा कार्यालयले खर्च गर्न सक्नेछ ।
४) अन्य कुनै प्रचलित कानूनमा कन्टिन्जेन्सी रकम खर्च सम्बन्धी व्यवस्था भएकोमा सोही बमोजिमको क्षेत्रमा खर्च गर्नुपर्नेछ ।
५) उप नियम (२) र (३) बमोजिम कन्टिन्जेन्सी बापत कट्टा भएको रकम प्रचलित कानून बमोजिम प्रमुख प्रशासकीय अधिकृतबाट स्वीकृत गराई देहायका क्षेत्रमा कार्यालयले खर्च गर्न सक्नेछः

(क) योजना तर्जुमा सम्बन्धी कार्यक्रम संचालन,
(ख) उपभोक्ता समिति, टोल विकास संस्थाहरुको क्षमता विकासका कार्यक्रम सञ्चालन गर्ने,
(ग) योजनाहरुको कार्यान्वयनको लागि जनप्रतिनिधीहरु, कर्मचारीहरुको क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गर्ने,
(घ) योजनाहरुको बोलपत्र,दरभाउपत्र र प्रस्ताव मुल्यांकन सम्बन्धी कार्य,
(ङ) योजना अनुगमन, मुल्यांकन सम्बन्धी कार्यहरु जस्तैः सवारी,ईन्धन, मर्मत, खाजा खाना, अनुगमन भत्ता/प्राविधिक फिल्ड भत्ता तथा योजना अनुगमनका क्रममा आवश्यक सामाग्रीहरु (जस्तै छाता, रेनकोट) आदि,
(च) योजनासँग सम्वन्धित कार्यहरुको सूचना प्रकाशन, छपाई, स्टेशनरी सम्बन्धी कार्य
(छ) योजनाको शिल्यान्यास, उद्घाटन सम्बन्धी कार्यक्रम संचालन गर्ने,
(ज) योजनासँग सम्बन्धित कार्यहरुको अध्ययन, अनुसन्धान, प्रचार प्रसार सम्बन्धी कार्य,
(झ) योजनाहरुको लागत अनुमान, डिजाइन, सर्भे सम्बन्धी कार्य,
(ञ) सर्भे, डिजाइन गर्नका लागि आवश्यक पर्ने मेशिनरी सामग्रीहरु, उपकरण तथा योजनाको न्यूनतम गुणस्तर पहिचान तथा मापन कार्यका लागि आवश्यक उपकरणहरु खरिद सम्बन्धी कार्य,
(ट) योजनाहरुको सामान्य मर्मत सम्भार लगायतका अन्य कार्यहरु गर्ने
(ठ) योजना सन्चालनको क्रममा सुपरिवेक्षक, प्राविधिक कर्मचारी खटाउने कार्य,
(ड) योजनाको प्रभाव मूल्यांकन, समिक्षा गर्ने कार्य,

धनेश्वर पौडेल
प्रमुख प्रशासकीय अधिकृत

(ढ) कार्यालय व्यवस्थापनमा प्रयोग हुने कम्प्युटर/प्रिन्टर/फोटोकपि लगायतका मेशिनरी औजार उपकरण खरिद तथा मर्मत सम्बन्धी पुँजिगत खर्च ।

## ५. बाधा अड्काउ फुकाउने अधिकार

१) यस कार्यविधि कार्यान्वयनको सिलसिलामा कुनै बाधा अड्काउ परेमा त्यस्तो बाधा अड्काउ फुकाउ कार्यपालिकाले गर्न सक्नेछ ।

२) उपनियम (१) बमोजिम कार्यपालिकाले जारी गरेको आदेश यसै कार्यविधिमा उल्लेख भए सरह मानिनेछ

३) यस कार्यविधिको व्याख्या, संशोधन, थपघट गर्ने अधिकार कार्यपालिकालाई हुनेछ ।

## ६. बचाउ

१) यस कार्यविधिमा लेखिएका कुरामा यसै बमोजिम र नलेखिएको कुरामा प्रचलित कानूनबमोजिम हुनेछ ।

२) यस कार्यविधिमा उल्लेख भएका विषय कुनै संघीय वा प्रदेश कानूसँग बाझिएमा बाझिएको हदसम्म अमान्य हुनेछ ।

३) यो कार्यविधि लागु हुनुपूर्व भए गरेका कार्यहरु यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ ।

धनेश्वर पौडेल
प्रमुख प्रशासकीय अधिकृत